# पाँच हजार फिर्ता लिन घाममा लाम

**ज्योति पन्थी**
*बबई (बर्दिया), जेठ २८ गते*

गुलरिया नगरपालिका–४, सुहेलवा बस्ने टीका योगीले आफ्नो जग्गा बिक्रीबापतको १२ लाख रुपियाँ गुलरियामा रहेको कर्णाली विकास बैङ्कमा बचत राख्नुभयो।

त्यतिबेलासम्म कर्णाली विकास बैङ्क सहज तरिकाले सञ्चालन भइरहेको थियो। टीका योगीले पैसा राखेको केही महिना नबित्दै २०८१ पुस १० गते नेपाल राष्ट्र बैङ्कले कर्णाली विकास बैङ्कलाई सङ्कटग्रस्त घोषणा गरी आफ्नो नियन्त्रणमा लियो। त्यसपछि बल्ल सर्वसाधारणले बैङ्क खतरामा रहेको थाहा पाए।

राष्ट्र बैङ्कले नियन्त्रणमा लिएको कर्णाली विकास बैङ्कले महिनाको तीन पटक निक्षेप कर्तालाई पाँच हजारका दरले रकम भुक्तानी दिन थालेपछि अहिले ४२ डिग्री तापक्रममा पनि मानिस बैङ्क धाउन बाध्य भएका छन्।



आफूले जग्गा बेचेर बैङ्कमा राखेको पैसा १२ गते निकाल्न आउँदा योगीले पैसा पाउनुभएन । राष्ट्र बैङ्कको नियन्त्रणमा पुगेको कर्णालीको व्यवस्थापन अझै सुदृढ हुन सकेको छैन भने टीका जस्ता सयौँ निक्षेप सङ्कलनकर्ता यतिबेला बिचल्लीमा परेर बैङ्क धाइरहेका छन्। बर्दिया मात्र हैन बाँकेको नेपालगन्जमा मुख्य कार्यालय रहेको कर्णाली विकास बैङ्कको दाङ, बाँके, बर्दियाका १९ वटा शाखामा अहिले दैनिक मानिस आफ्नो निक्षेप फिर्ताका लागि धाउन थालेका छन्।

बारबर्दिया नगरपालिका–१० का पिकीलाल थारूले भन्नुभयो, "पैसा झिक्न आउँदा बैङ्क डुबिसकेको थाहा भयो, अहिले पाँच हजार भए पनि लिनुपर्ने अवस्था छ ।" गुलरिया नगरपालिका–१२ निवासी अब्दुल बारीले तराईमा बढ्दो गर्मीसँगै अहिले मानिसहरू आफ्नो निक्षेप फिर्ता पाइन्छ कि भनेर दिनदिनै बैङ्क धाउने गरेको बताउनुभयो। राष्ट्र बैङ्कका अनुसार कर्णाली विकास बैङ्क अहिले पनि एक अर्ब ३३ करोड घाटामा रहेको देखिन्छ।

कर्णाली विकास बैङ्कका प्रवक्ता विष्णुकुमार विश्वकर्माले अनुगमनका क्रममा विगतदेखि नै कर्णाली विकास बैङ्क धराशायी बन्दै गएको भन्दै यसअघि पनि बैङ्कका अध्यक्ष राजेन्द्रवीर राय र निर्देशक दिनेश रावतलाई पाँच/पाँच लाख जरिबाना तिराएर बर्खास्त गरेको बताउनुभयो। हाल रायलाई पक्राउ गरिएको छ।

बैङ्कको निक्षेप सङ्कलन चार अर्ब ५० करोड देखिन्छ भने कर्जा लगानीतर्फ हेर्दा दुई अर्ब लगानी र ८० करोड ब्याज उठ्न बाँकी देखिन्छ। कर्णाली विकास बैङ्कको बर्दियामा मात्र गुलरिया, मधुवन, राजापुर, भुरिगाउँ र बाँसगढी गरी पाँच वटा शाखा सञ्चालनमा छन्।

# समस्याग्रस्त सहकारी घोषणा गर्न माग गर्दै मन्त्रालय घेराउ




*तस्बिर : ज्योति पन्थी*

**स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्थाका बचतकर्ताले समस्याग्रस्त सहकारी घोषणा गर्न माग गर्दै मन्त्रालय घेराउ गर्दै ।**

**मकवानपुर समाचारदाता**
*मकवानपुर, जेठ २८ गते*

काठमाडौँको कालीमाटीमा केन्द्रीय कार्यालय रहेको स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्थाका बचतकर्ताले उक्त सहकारीलाई समस्याग्रस्त सहकारी घोषणा गर्नुपर्ने माग गर्दै बागमती प्रदेशको सहकारी तथा गरिबी निवारण मन्त्रालय घेराउ गरेका छन्। सहकारीका बचतकर्ताले हेटौँडामा आएर उक्त सहकारीलाई समस्याग्रस्त सहकारी घोषणा गर्नुपर्नेलगायतका माग राख्दै मन्त्रालय घेराउ गरेका हुन्।

काठमाडौँबाट भाडाको बस लिएर आएका पीडितले समस्याग्रस्त सहकारी घोषणा गर्न लामो समयदेखि माग गर्दा समेत सुनुवाइ नभएको भन्दै तत्काल घोषणा नगरे कडा आन्दोलन गर्ने चेतावनी दिएका थिए। सङ्घर्ष समितिका अध्यक्ष सुमन खनालले समस्याग्रस्त घोषणा गरेमा पीडितका समस्याको क्रमशः सम्बोधन हुने भन्दै एक वर्षअघि पनि मन्त्रालयमा निवेदन दिएको तर सुनुवाइ नभएको बताउनुभयो।

सहकारीमा जम्मा गरेको रकम फिर्ता नपाएका बचतकर्ताले मन्त्रालयमा नाराबाजी गर्दै समस्याग्रस्त सहकारी घोषणा गर्न सरकारलाई दबाब दिएका थिए । सरकार पीडितको पक्षमा सहजीकरण गर्नुभन्दा समस्याबाट भाग्न खाजेको आरोप लगाएका छन्। उहाँले सहकारी कार्यालयले सहकारीको रकम अपचलन गरेको आरोपमा राख्वपाका सभापति रवि लामिछाने थुनामा रहे पनि अन्य आरोपितलाई कारबाही गर्न सरकारले नसकेको बताउनुभयो।

१३ हजारभन्दा बढी सेयर सदस्य रहेको सो सहकारीको दुई अर्ब ७५ करोड रुपियाँभन्दा बढी रकम अपचलन भएको जनाइएको छ । प्रदेशको सहकारी तथा गरिबी मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले पीडितको माग अध्ययन गरेर सम्बोधन हुने जानकारी दिनुभयो। उहाँले यो विषयमा प्रहरी अनुसन्धान अघि बढेको बताउनुभयो।

# निकुञ्जद्वारा चौध करोड राजस्व सङ्कलन

**सल्लेरी समाचारदाता**
*सल्लेरी, जेठ २८ गते*

सगरमाथा राष्ट्रिय निकुञ्जको कार्यालय नाम्चेले चालु आर्थिक वर्ष २०८१/८२ को ११ महिनाको अवधिमा १४ करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ। चालु आवको साउनदेखि जेठ २७ गतेसम्म १४ करोड ४६ लाख ९४ हजार ७११ रुपियाँ राजस्व सङ्कलन गरेको हो।

सगरमाथा क्षेत्र भ्रमणमा आउने पर्यटकको आगमन दस्तुरसँगै अन्य विविध शीर्षकमा उक्त राजस्व सङ्कलन भएको सगरमाथा राष्ट्रिय निकुञ्ज नाम्चेका प्रमुख एवं संरक्षण अधिकृत सुषमा राणाले जानकारी दिनुभयो।

सार्क राष्ट्र, विदेशी र आन्तरिक गरी यस वर्ष हालसम्म ५८ हजार ७८७ जनाले सगरमाथा क्षेत्रको भ्रमण गरेको निकुञ्जले जनाएको छ। जसमा विदेशी ४४ हजार ६१८, सार्क राष्ट्रका छ हजार १७८ र नेपाली सात हजार ९९१ जनाले भ्रमण गरेका छन्।

हालसम्म सबैभन्दा बढी ४४ हजार ६१८ जना विदेशी पर्यटकले सगरमाथा क्षेत्र भ्रमण गरेका छन्। गत आव २०८०/८१ मा ५६ हजार ५२२ पर्यटकले सगरमाथा क्षेत्रको भ्रमण गर्दा १५ करोड ४७ लाख ६० हजार ५६६ रुपियाँ राजस्व सङ्कलन भएको निकुञ्जले जनाएको छ, जसमा विदेशी ४४ हजार ४१३ जना, सार्क राष्ट्रका छ हजार ४६९ जना र छ हजार आठ सय आठ जना नेपालीले सगरमाथा क्षेत्रको भ्रमण गरेका थिए।

# रोजगारदातालक्षित सहयोग विस्तारमा जोड




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २८ गते*

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल र अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) का महानिर्देशक गिल्बर्ट एफ. होङ्बोसँग भेटवार्ता भएको छ । ११३ औँ अन्तर्राष्ट्रिय श्रम सम्मेलनका अवसरमा जनेभामा भएको भेटवार्तामा श्रम तथा रोजगारका विविध विषयमा छलफल भएको महासङ्घ सचिवालयले जनाएको छ।

सो अवसरमा अध्यक्ष ढकालले महासङ्घ मर्यादित श्रम र समावेशी आर्थिक वृद्धिका लक्ष्यमा प्रतिबद्ध रहेर काम गर्दै आएको बताउँदै रोजगारदातालक्षित सहयोग विस्तारमा जोड दिनुभयो । उहाँले आइएलओको निरन्तर सहयोगबाट नेपालका श्रमिक तथा उद्यम दुवैले ठोस प्रगति गर्न सक्ने भन्दै आगामी दिनमा थप सहयोगको अपेक्षा गरेको बताउनुभयो।

"नेपाल सन् २०२६ मा अति कम विकसित देशको श्रेणीबाट स्तरोन्नति हुँदा हाम्रो निर्यात क्षमतामा र त्यससँग जोडिएका रोजगारीमा असर पर्न सक्छ । त्यसैले यो अवस्थामा हाम्रो लागि सहयोगको खाँचो छ," उहाँले भन्नुभयो।

सो अवसरमा आइएलओका महानिर्देशक होङ्बोले महासङ्घसँगको आपसी सहयोग र सहकार्यका विषयमा आफू सकारात्मक रहेको धारणा राख्नुभएको जनाइएको छ।

# दुर्गमको गाउँमा हाते ट्याक्टर

**हुम्ला समाचारदाता**
*हुम्ला, जेठ २८ गते*

नाम्खा गाउँपालिका–६ को हिमालपारिको गाउँ लिमीमा हाते ट्याक्टर पुगेको छ। परम्परागत हलोबाट भन्दा नयाँ प्रविधिबाट खेत जोत्न स्थानीयलाई अनुदानमा हाते ट्याक्टर प्रदान गरिएको हो।

परम्परागत हलोबाट खेतीपाती गर्दै आएका लिमीको हल्जीगाउँका स्थानीयलाई हाते ट्याक्टर वितरण गरिएको वडाध्यक्ष पाल्जोर तामाङले बताउनुभयो। यससँगै खेत जोत्ने समय बच्नुका साथै किसानले खन्नुपर्ने कार्यबाट समेत बिदा पाएका छन्।



*तस्बिर : राजन रावत*

**किसानलाई प्रदान गरिएको हाते ट्याक्टर ।**

सम्पूर्ण गाउँवासीका लागि दुई वटा हाते ट्याक्टर सहयोग उपलब्ध भएको किसान समूहका अध्यक्ष तेन्वागेल्वु तामाङले बताउनुभयो । यी हाते ट्याक्टर उक्त समूहको मातहतमा रहने छन् । किसानले आवश्यक परे समूहसँग समन्वय गरेर खेत जोत्न लिने र आवश्यक इन्धन भने चलाउने किसानले नै व्यवस्था गर्नुपर्ने उहाँले बताउनुभयो।

हलोले भन्दा हाते ट्याक्टरले जोत्दा सहज पनि हुनुका साथै माटो पनि राम्रोसँग खनिएको उहाँको भनाइ छ । यस पटक लिमीको हल्जीगाउँमा ८४ घरधुरीले आफ्नो जग्गा सो हाते ट्याक्टरबाट जोत्ने कार्य गर्नुका साथै उवासमेत छरेका छन्।


**नेपाल सरकार**
## भूमि समस्या समाधान आयोग
**ताहाचल, काठमाडौं**

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

**(दोस्रो पटक सूचना प्रकाशन मिति : २०८२/०२/२९)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि देहाय अनुसारका स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०२/२९ देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना पुनः प्रकाशन गरिएको छ ।

**तपशिल :**

| प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|
| कोशी प्रदेश | ताप्लेजुङ | पाथिभरा याङ्वरक गाउँपालिका, फक्ताङलुङ गाउँपालिका, मैवाखोला गाउँपालिका, सिदिङ्वा गाउँपालिका |
| | भोजपुर | टेम्केमैयुङ गाउँपालिका, भोजपुर नगरपालिका, अरुण गाउँपालिका, आमचोक गाउँपालिका, साल्पासिलिछो गाउँपालिका, रामप्रसादराई गाउँपालिका, पौवादुङमा गाउँपालिका, हतुवागढी गाउँपालिका, षडानन्द नगरपालिका |
| | धनकुटा | धनकुटा नगरपालिका, सहिदभुमि गाउँपालिका, साँगुरीगढी गाउँपालिका, छथरजोरपाटी गाउँपालिका, पाख्रिबास नगरपालिका |
| | मोरङ्ग | पथरी शनिश्चरे नगरपालिका, लेटाङ नगरपालिका, ग्रामथान गाउँपालिका |
| | ओखलढुङ्गा | सिद्धिचरण नगरपालिका, मानेभञ्याङ गाउँपालिका, खिजीदेम्वा गाउँपालिका, सुनकोशी गाउँपालिका चिशंखुगढी गाउँपालिका, लिखु गाउँपालिका, मोलुङ गाउँपालिका, चम्पादेवी गाउँपालिका |
| | इलाम | देउमाई नगरपालिका |
| | तेह्रथुम | छथरगाउँपलिका, मेन्छ्यायेम गाउँपालिका, फेदाप गाउँपालिका, म्याङलुङ नगरपालिका, आठराई गाउँपालिका, लालीगुराँस नगरपालिका |
| | सुनसरी | हरिनगर गाउँपालिका, इनरुवा नगरपालिका, दुहवी नगरपालिका, रामधुनी नगरपालिका |
| | खोटाङ | हलेसी तुवाचुङ नगरपालिका, रावाबेशी गाउँपालिका, खोटेहाङ गाउँपालिका, साकेला गाउँपालिका, दिक्तेलरुपाकोट मझुवागढी नगरपालिका, केपिलासगढी गाउँपालिका, दिप्रुङ चुईचुम्मा गाउँपालिका, ऐसेलुखर्क गाउँपालिका |
| | संखुवासभा | सभापोखरी गाउँपालिका, चिचिला गाउँपालिका, मकालु गाउँपालिका, सिलिचोङ गाउँपालिका, भोटखोला गाउँपालिका, पाँचखपन नगरपालिका |
| | झापा | गौरादह नगरपालिका, भद्रपुर नगरपालिका, बिर्तामोड नगरपालिका, गौरिगंज गाउँपालिका |
| | सोलुखुम्बु | सोलुदुधकुण्ड नगरपालिका, खुम्वु पासाङल्हामु गाउँपालिका, माप्य दुधकोशी गाउँपालिका, थुलुङदुधकोशी गाउँपालिका, माहाकुलुङ गाउँपालिका, लिखुपिके गाउँपालिका, सोताङ गाउँपालिका |
| मधेश प्रदेश | सप्तरी | अग्नीसाइर कृष्णासरवन गाउँपालिका, खडक नगरपालिका, डाक्नेश्वरी नगरपालिका, रुपनी गाउँपालिका सप्तकोशी नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा गाउँपालिका, तिरहुत गाउँपालिका, बिष्णुपुर गाउँपालिका, राजगढ गाउँपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, बलान-बिहुल गाउँपलिका, छिनमस्ता गाउँपालिका |
| | सिराहा | विष्णुपुर गाउँपालिका, नरहा गाउँपालिका, लहान नगरपालिका, औरही गाउँपालिका, कल्याणपुर नगरपालिका, नवराजपुर गाउँपालिका, सिरहा नगरपालिका, सखुवानान्कारकट्टी गाउँपालिका (पहिलो पटक) |
| | धनुषा | मिथिला नगरपालिका, गणेशमान चारनाथ नगरपालिका, विदेह नगरपालिका |
| | सर्लाही | कविलासी नगरपालिका, हरिपुर नगरपालिका, चक्रघट्टा गाउँपालिका, बसबरीया गाउँपालिका, पर्सा गाउँपालिका, ब्रह्मपुरी गाउँपालिका, हरिपुर्वा नगरपालिका |
| | बारा | सुवर्ण गाउँपालिका, फेटा गाउँपालिका, महागढीमाई नगरपालिका, बारागढी गाउँपालिका, प्रसौनी गाउँपालिका, आदर्श कोतवाल गाउँपालिका, कोल्हवी नगरपालिका |
| | पर्सा | ठोरी गाउँपालिका |
| | महोत्तरी | औरही गाउँपालिका, मटिहानी नगरपालिका, जलेश्वर नगरपालिका, बलवा नगरपालिका, भँगाहा नगरपालिका, एकडारा गाउँपालिका, साम्सी गाउँपालिका, महोत्तरी गाउँपालिका, लोहरपट्टी नगरपालिका, रामगोपालपुर नगरपालिका |
| | रौतहट | दुर्गाभगवती गाउँपालिका, चन्द्रपुर नगरपालिका, पहोरा नगरपालिका, देवाहीगोनाही नगरपालिका, कटहरीया नगरपालिका, फतुवाविजयपुर नगरपालिका, ईशानाथ नगरपालिका, बौधीमाई नगरपालिका, राजपुर नगरपालिका |
| वाग्मती प्रदेश | सिन्धुली | हरिहरपुरगढी गाउँपालिका, सुनकोशी गाउँपालिका, फिक्कल गाउँपालिका |
| | मकवानपुर | हेटौंडा उपमहानगरपालिका, बकैया गाउँपालिका |
| | ललितपुर | गोदावरी नगरपालिका, महाँकाल गाउँपालिका, महालक्ष्मी नगरपालिका |
| | काठमाण्डौ | काठमाण्डौ महानगरपालिका, कागेश्वरी मनोहरा नगरपालिका |
| | काभ्रेपलान्चोक | चौरीदेउराली गाउँपालिका, धुलिखेल नगरपालिका, पनौती नगरपालिका, खानीखोला गाउँपालिका, महाभारत गाउँपालिका, पाँचखाल नगरपालिका, तेमाल गाउँपालिका, मण्डनदेउपुर नगरपालिका, बनेपा नगरपालिका |
| | नुवाकोट | सुर्यगढी गाउँपालिका, पञ्चकन्या गाउँपालिका, तारकेश्वर गाउँपालिका, बेलकोटगढी नगरपालिका |
| | दोलखा | तामाकोशी गाउँपालिका |
| | रसुवा | उत्तरगया गाउँपालिका, नौकुण्ड गाउँपालिका |
| | सिन्धुपाल्चोक | बाह्रबिसे नगरपालिका |
| गण्डकी प्रदेश | तनहुँ | भानु नगरपालिका, घिरिङ गाउँपालिका, ऋषिङ्ग गाउँपालिका, व्यास नगरपालिका, म्याग्दे गाउँपालिका, बन्दिपुर गाउँपालिका |
| | लमजुङ | सुन्दरबजार नगरपालिका, राईनास नगरपालिका, दोर्दी गाउँपालिका, मर्स्याङदी गाउँपालिका, क्व्होलासोथर गाउँपालिका, मध्यनेपाल नगरपालिका, बेसीशहर नगरपालिका, दुधपोखरी गाउँपालिका |
| | पर्वत | जलजला गाउँपालिका, कुश्मा नगरपालिका, मोदी गाउँपालिका, महाशिला गाउँपालिका |
| | कास्की | अन्नपूर्ण गाउँपालिका, रूपा गाउँपालिका, मादी गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका, पोखरा महानगरपालिका |
| | नवलपरासीपूर्व | बुलिङटार गाउँपालिका, बौदीकाली गाउँपालिका, बिनयी त्रिवेणी गाउँपालिका |
| | बागलुङ | ढोरपाटन नगरपालिका, ताराखोला गाउँपालिका, गल्कोट नगरपालिका, बडीगाड गाउँपालिका |
| | स्याङ्जा | फेदीखोला गाउँपलिका, चापाकोट नगरपालिका |
| लुम्बिनी प्रदेश | नवलपरासी पश्चिम | पाल्हीनन्दन गाउँपालिका |
| | रुपन्देही | मर्चावारी गाउँपालिका, सम्मरिमाई गाउँपालिका |
| | प्यूठान | गौमुखि गाउँपालिका, महलरानी गाउँपालिका, ऐरावती गाउँपालिका, झिमरुक गाउँपालिका, सरुमारानी गाउँपालिका, नौबहिनी गाउँपालिका, माण्डवी गाउँपालिका, स्वर्गद्वारी नगरपालिका, प्यूठान नगरपालिका |
| | गुल्मी | चन्द्रकोट गाउँपालिका, मदाने गाउँपालिका, रुरुक्षेत्र गाउँपालिका, रेसुंगा नगरपालिका, मुसिकोट नगरपालिका, छत्रकोट गाउँपालिका |
| | बाँके | बैजनाथ गाउँपालिका, खजुरा गाउँपालिका |
| | बर्दिया | ठाकुरबाबा नगरपालिका |
| कर्णाली प्रदेश | रुकुम पश्चिम | चौरजहारी नगरपालिका, सानीभेरी गाउँपालिका, बाँफिकोट गाउँपालिका, त्रिवेणी गाउँपालिका |
| | सल्यान | कालीमाटी गाउँपालिका, कपुरकोट गाउँपलिका, त्रिवेणी गाउँपालिका, बागचौर नगरपालिका, कुमाख गाउँपालिका, दार्मा गाउँपालिका, छत्रेश्वरी गाउँपालिका, सिद्धकुमाख गाउँपालिका, बनगाँडकुपिण्डे नगरपालिका, शारदा नगरपालिका |
| | सुर्खेत | चौकुने गाउँपालिका, भेरिगङ्गा नगरपालिका, वीरेन्द्रनगर नगरपालिका, पञ्चपुरी नगरपालिका, लेकबेसी नगरपालिका |
| | दैलेख | भगवतीमाई गाउँपालिका, नौमुले गाउँपालिका, भैरवी गाउँपालिका, महाबु गाउँपालिका, चामुण्डा बिन्द्रासैनी नगरपालिका, डुंगेश्वर गाउँपालिका, दाटीकाँध गाउँपालिका |
| | जाजरकोट | भेरी नगरपालिका, छेडागाड नगरपालिका |
| | कालिकोट | तिलागुफा नगरपालिका |
| सुदूर पश्चिम प्रदेश | अछाम | मेल्लेख गाउँपालिका, मंगलसेन नगरपालिका, बान्नीगढी जयगढ गाउँपालिका, रामारोशन गाउँपालिका, कमलबजार नगरपालिका |
| | कञ्चनपुर | लालझाडी गाउँपालिका |
| | डडेल्धुरा | गन्यापधुरा गाउँपालिका, भागेश्वर गाउँपालिका, नवदुर्गा गाउँपालिका, अमरगढी नगरपालिका, अजयमेरु गाँउपालिका, परशुराम नगरपालिका |
| | बैतडी | सिगास गाउँपालिका, शिवनाथ गाउँपालिका, पाटन नगरपालिका, पंचेश्वर गाउँपालिका |
| | बझाङ | जयपृथ्वी नगरपालिका |